# कुम्मायक गाउँपालिकाको आ.व.२०८०।८१ को स्वीकृत बार्षीक नीति तथा कार्यक्रम

गाउँसभामा पेश भएको मिति - २०८०।०३।१०

गाउँसभाबाट स्वीकृत भएको मिति - २०८०।०३।१०

१. कृषि प्रणालीमा रहेको लागत न्युनीकरण गर्न कृषिमा यान्त्रीकरण गरि व्यवसायीक कृषि प्रणालीको प्रवर्द्धन गरिनेछ।
२. कृषि प्रणालीलाइ वैज्ञानिक तुल्याउन माटो जाँच गरि माटोको प्रकृतिका आधारमा बालिको छनौट गरि soil mapping गरिनेछ। साथै उत्पादित परिमाणमा आधारित भइ कृषक सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ।
३. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई उत्पादनमा जोड्दै बेरोजगारमा सूचिकृत भएका युवाहरुलाई साना साना उत्पादन समूह निर्माण गरि कृषि उत्पादनमा सहभागि गराइनेछ।
४. कृषि उपजलाई बजार सँग जोड्न कृषि उपज संकलन केन्द्रहरु संचालनमा ल्याइने छ साथै कृषि उपजको भण्डारणका लागि पालिकास्तरिय चिस्यान केन्द्रको रुपमा निगाले कृषि सहकारी संस्था संग समन्वय गरी संस्थाको निर्मित भवनबाट चिस्यान केन्द्रको रुपमा आवश्यक पूर्वाधारको व्यवस्था मिलाइनेछ साथै पालिकाको अन्य सहकारीहरुमा समेत यस प्रकारको कार्यलाई पहल गरिनेछ।
५. विउ आलु भण्डारणका लागि रष्टिक घर, सुन्तला भण्डारणका लागि सेलार घर र तरकारी भण्डारणका लागि शुन्य शक्ति भण्डारण गृह निर्माण गरिनेछ।
६. कृषि उपजको बजारीकरणका लागि गाउँपालिकामा कृषि एम्वुलेन्स सञ्चालनमा ल्याउन पहल गरिनेछ।
७. निजि तथा सामुहिक स्तरमा संचालन भएका कृषि फर्महरुको विकास गर्न संचालित फर्महरुको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम तथा भौतिक संरचनाको सुदृढीकरण गरिनेछ।
८. फलफुल विरुवामा गाउँपालिकालाई क्रमश आत्मनिर्भर वनाउनका लागि हाइटेक नर्सरी स्थापना गरिनेछ।
९. कृषिजन्य उत्पादित वस्तुहरुको सुपथ मुल्य पसल मार्फत समर्थन मुल्य कायम गरी विक्रि तथा निर्यात गर्ने व्यवस्था मिलाइने छ।
१०. कृषिमा आधारित उद्योग सञ्चालन गर्न सम्भाव्यता अध्ययन गरी उद्योग स्थापना गरिनेछ।
११. स्थानीय भू-उपयोग योजनालाई कार्यान्वयनमा ल्याइनेछ।
१२. जैविक र प्राङ्गारिक मल उत्पादन गर्न जोड दिईनेछ।
१३. कुम्मायक गाउँपालिकालाई आर्गनिक कृषि पालिकाको रुपमा विकास गर्दै लगिनेछ। यसका लागी आ.व. २०८०/८१ बाट कुम्मायक २ को याक्सेबाट आर्गनिक तरकारी खेतीको सुरुवात गरिनेछ।
१४. आधुनिक कृषि बजार प्रवर्धन गरी कुम्मायक गाँउपालिकाको आन्तरिक राजस्व वृद्धि गर्ने व्यवस्था मिलाइनेछ। साथै तेलहन तथा रैथाने बाली प्रवर्धनमा जोड दिइनेछ।
१५. १ वडा १ पकेट क्षेत्रको नितिलाई उपलब्धी मापन गरी निरन्तरता दिइनेछ।
१६. चिया, कफी, अलैची जस्ता उच्च मुल्य पर्ने निर्यात योग्य कृषि वस्तुहरुको उत्पादनमा वृद्धि गर्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
१७. विषादीको प्रयोगलाई न्यूनिकरण गर्न एकिकृत शत्रुजिव व्यवस्थापन कार्यक्रम सञ्चालन गरी जैविक विषादिको उत्पादनमा प्रोत्साहन गरिनेछ।
१८. विउ उत्पादनका लागी सम्भावना भएका बालीहरु जस्तै आलु, मकै, आदिको विउ उत्पादन गर्नको लागी समुह/सहकारी संग साझेदारी गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ।
१९. जैविक विविधताको संरक्षण गर्न र वाली नालीको उत्पादन वृद्धि गर्न मौरीपालन प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
२०. वेरोजगार युवाहरुलाई कृषि पेशामा आकर्षित गर्न उन्नत प्रविधिमा आधारित प्रदर्शनी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२१. कृषि क्षेत्रमा जलवायु परिवर्तनको असरसंग जुध्न जलवायुमैत्री खेति प्रविधिको विस्तार गरिनेछ ।
२२. रैथाने वाली संरक्षण गर्न सामुदायिक विउ बैंक को अवधारणा अगाडी बढाइनेछ ।
२३. उत्पादित कृषि उपजको क्षति न्युनिकरण गर्नको लागी उत्पादनोप्रान्त प्रविधिसंग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गरिनेछ।
२४. बालिनालीको उत्पादन र उत्पादकत्व यकिन गर्न बाली कटानी कार्यक्रम सञ्चालन गरिनेछ।

गाउँसभाका सदस्य ज्यू हरू,

स्वस्थ्य पशुपंछी उत्पादन गर्न पशुपंछीका लागि गोठ तथा खोर सुधारका साथै औषधि उपचार, पौष्टिक आहारमा दिइदै आएको अनुदान कार्यक्रमलाई निरन्तरता दिइने छ।

२५. कृषि विकास शाखासंग समन्वय गर्दै कृषक समुहहरु निर्माण गरी समुह सहकारीहरुमा आधारित दुध तथा मासु उत्पादन प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ।
२६. स्थानीय रैथाने पशू पंक्षीहरुको उत्पादनमा जोड दिइनेछ र यसको लागी आर्थिक वर्ष २०८०/८१ मा तमोर कोरिडोर क्षेत्र लक्षित गरी लोकल कुखुरा पालन सुरुवात गरिनेछ।
२७. गाउँ गाउँमा दुध तथा मासु संकलन केन्द्र स्थापना गरी पशुजन्य वस्तुहरुको बजारीकरणमा जोड दिइनेछ।
२८. यासोक बजार क्षेत्रमा वधशालामा मात्र पशु वध गर्ने प्रबन्ध मिलाइनेछ।
२९. १ वडा १ कृषी तथा पशु प्राविधिकको व्यवस्था गरी भेटेरिनरि तथा कृषी सेवालाई वडा तह बाट सेवा प्रवाह गरिनेछ ।
३०. कुम्मायक गाउँपालिकामा पालिकास्तरिय यासोक भेटेरिनरि अस्पताल तथा प्रयोगशाला निर्माण गरि नियमित रुपमा सेवा प्रवाह गरिनेछ।
३१. घर घरमा पशु प्राविधिकहरु पठाइ घुम्ति पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
३२. पशुहरुमा बाझोपनको समस्या कम गर्न वडा वडामा बाझोपन शिविर सञ्चालन गरिनेछ|
३३. रेबिज लगायतका रोगहरुको न्युनिकरण गर्न तथा भुसिया कुकुरहरुको संख्या घटाउन सामुदायिक कुकुरहरुको वन्ध्याकरण शिविर सञ्चालन गरिनेछ|
३४. पशु चौपायहरुको बिमा कार्यक्रमलाई प्राथमिकता दिइ उत्पादनका आधारमा कृषकहरुलाई प्रोत्साहन दिइनेछ|
३५. कृतिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिइनेछ|
३६. पालिकास्तरीय कृषि उपज बजारीकरण समिति बनाई कृषि र पशुजन्य उत्पादनको बजारीकरणमा जोड दिइनेछ।
३७. प्रत्येक वडामा एक एक वटा पकेट क्षेत्र (बाख्रा पकेट, बंगुर पकेट, लोकल कुखुरा पकेट, गाइ भैसी पकेट, मौरी पकेट) निर्माण गरि कार्यक्रम संचालन गरिनेछ।
३८. सार्वजनिक स्थलमा छाडा चौपायाको नियन्त्रण गरि सम्भावित जोखिम न्युनिकरण गर्न नीतिगत व्यवस्था गरिनेछ साथै सचेतनामुलक कार्यक्रमहरु समेत सञ्चालनमा ल्याइनेछ।

गाउँसभाका सदस्य ज्यूहरू,

३९. कुम्मायक कुस्सायक पर्यटकिय क्षेत्रलाई धार्मिक पर्यटनका लागि आकर्षक गन्तव्य वनाउन कुम्मायक कुस्सायक क्षेत्र पर्यटन विकास योजनालाई निरन्तरता दिइनेछ।
४०. कुम्मायक गाँउपालिकाको वडा नं. ४ स्थित चोलुङ पार्कलाई आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षित गरी पर्यटनको विकासमा टेवा पुर्याउन अन्तर सरकार लागत साझेदारीमा व्यवस्थित गरिनेछ।
४१. सेहोनाम्लाङ्ग(छाला सुकुवा) ऐतिहासिक क्षेत्रको विकासका लागि अन्तर स्थानीय तह लागत साझेदारीमा प्रवर्द्धन गरिनेछ।
४२. सुम्हालुङ्ग (थेङ्गेन चोक), रानीगुफा, थोङ्गसेलिङ्ग ,देवल, मगरडांडा ,जयराम पार्टी , शेर्मा तुम्याहाङ, थाकथाकु यूमा माङहिम, थामडाँडा, ध्वा राजा ध्वा रानी, कागेश्वरी, चमेरे गुफा आदि क्षेत्रहरुलाई आवश्यक संरक्षण गरिने छ।
४३. ऐतिहासिक स्थल अन्थाक, देवल, चोलुङ पार्क हुँदै कुम्मायक मन्दिर जोड्ने धार्मिक पैदल मार्ग निर्माणको कार्यलाई थालनी गरिनेछ।

गाउँसभाका सदस्य हरू,

४४. सहकारीहरुको व्यवस्थापकिय क्षमता र संस्थागत विकासका लागि विगतमा प्रवाह गरिएका अनुदान विउ पुंजी लगायतका कार्यक्रमलाई उपलब्धि मापन गर्न गैर-सरकारी संस्था समन्वय समिति मार्फत आवश्यक नियमन तथा निरीक्षणको व्यवस्था मिलाइने छ।

४५. कृषि सहकारी मार्फत सामुहिक खेती कार्यक्रमलाई प्रवर्द्धन गर्न अनुदानको व्यवस्था मिलाइनेछ।

४६. सीप सिकेका उद्यमीहरुलाई व्यवसायिक बनाउन आवश्यक अनुदानको व्यवस्था गरि साना घरेलु उद्योग स्थापना गर्न आवश्यक प्रोत्साहन गरिनेछ।

४७. गरिबी निवारणका लागि लघु उधम विकास कार्यक्रमलाई पालिकाको लागत साझेदारीमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

४८. स्थानीय उत्पादनलाई प्रशोधन प्याकेजीङ तथा बजारीकरण गर्न आ.व. २०७९/०८० देखि आवश्यक कार्यक्रम सञ्चालन गरिएकोमा सो कार्यलाई निरन्तरता दिई आवश्यक अनुदानको व्यवस्था मिलाइनेछ।

४९. स्वरोजगार कार्यक्रमलाई उत्पादनसंग जोडी पालिकाको साझेदारीमा सञ्चालन गरिनेछ साथै आन्तरिक रोजगारी सिर्जना गर्न निजि क्षेत्रसंग सहकार्य र समन्वय गरी युवा तथा शैक्षिक बेरोजगारलाई प्राथमिकता दिइनेछ।

५०. गाउँपालिकाको सेवा प्रवाहलाई चुस्त छिटो र छरितो बनाई स्थानीय सरकारको प्रभावकारिता अभिवृद्धि गरी जनसन्तुष्टि आर्जन गर्न गाउँपालिकाको संगठन तथा व्यवस्थापन स्वीकृत गरी कार्यान्वयनमा लगिनेछ।

५१. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ। सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरुमा नागरिक वडापत्र र सार्वजनिक स्थानहरुमा सुझाव पेटिकाहरु राखिनेछ।

५२. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकी बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाइका साथ असुल उपर एवम् फछ्यौंट गर्ने कार्य अगाडी बढाइनेछ।

५३. जनप्रतिनिधिहरु, कर्मचारीहरु तथा टोल विकास समितिका पदाधिकारीरहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाइनेछ।

५४. बैङ्क तथा वित्तीय संस्थाहरुको लगानीलाई वैज्ञानिक बनाउन आवश्यक नियमनको व्यवस्था मिलाइनेछ।

५५. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखी तुल्याउन मध्यमकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

५६. गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्यको प्रतिवेदनमा उल्लेख भए वमोजिम संगठन संरचनाको अवलम्बन गरी कार्यान्वयनमा ल्याईनेछ।

५७. कार्यपालिका तथा सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

गाउँसभा सदस्य ज्यूहरू,

५८. करको दर सम्भव भएसम्म न्युनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

५९. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

६०. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

६१. न्याय सम्पादनको कार्यलाई थप व्यवस्थित गर्न यस सम्बन्धी सम्पुर्ण प्रक्रियालाई **डिजिटल जस्टिस सिस्टम** तयार गरी लागु गरिनेछ।

६२. कुम्मायक गाँउपालिकामा रहेको सार्वजनिक जग्गाहरुको संरक्षण,संवर्द्धन तथा उपयोगमा ल्याउन आवश्यक नीति बनाई लागु गर्ने प्रबन्ध मिलाइनेछ।

६३. गाँउपालिकालाई पुर्ण वालमैत्री युक्त स्थानीय शासन घोषणा गरिनेछ। यसका लागि आ.व. २०८०-८१ मा वडा नं.१ बाट पुर्ण बालमैत्रि युक्त स्थानीय शासन घोषणा गरिनेछ। यसका लागि स्थानीय उद्यम निर्माणका लागि पहल गरिनेछ।

६४. सम्भावित स्थानीय भाषालाई कामकाजको भाषाको रुपमा प्रयोगमा ल्याइनेछ। साथै आ.व. २०८०/०८१ देखि कुम्मायक गाउँपालिका वडा नं.१ मा लिम्बु भाषा आनिपानलाई कामकाजी भाषाको रुपमा कार्यान्वयनमा ल्याउन पहल गरिनेछ।

६५. गाउँपालिकामा नगर प्रहरीको व्यवस्था गरिनेछ। यसका लागि आ.व. २०८०।०८१ मा नीतिगत व्यवस्था गरि संगठन तथा व्यवस्थापनमा उल्लेख भए अनुसार नगर प्रहरीको व्यवस्थापन गरिनेछ।

६६. शान्ति सुरक्षा लगायत नागरिकको धनजनको संरक्षण र तमोर कोरिडोरका कारण सृजित जोखिम र अवैधानिक गतिविधिलाई नियन्त्रण गर्न कुम्मायक गाउँपालिका क्षेत्रभित्र पर्ने तमोर कोरिडोर आसपासमा प्रहरी बिट स्थापना गर्न पहल गरिनेछ ।

६७. कुम्मायक गाउँपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन प्रशासकीय भवन निर्माणको कार्यलाई अगाडि बढाउन पहल गरिनेछ ।

गाउँसभा सदस्य ज्यूहरू,

६८. आ.व. २०८०/०८१ को विनियोजित बजेटमा कम्तीमा वडा तथा पालिकाकाको कुल बजेटको १५ प्रतिशत शिक्षा क्षेत्रमा लगानी गरिनेछ ।

६९. विद्यालयको तथ्याङ्क प्रविष्टि, शिक्षण सिकाइ लगायत प्रशासनिक कार्यलाई सूचना प्रविधिमैत्री बनाउन सबै विद्यालयहरुमा एक सेट आधुनिक सूचना प्रविधि व्यवस्थापन गरिनेछ ।

७०. शैक्षिक संस्थाको व्यवस्थापकीय सक्षमता अभिवृद्धि साथै शैक्षिक उपलब्धि वृद्धि तथा गुणस्तरमा सुधार ल्याउन विषयगत समितिबाट सुपरीवेक्षण कक्षा अवलोकन, नमुना कक्षा प्रदर्शन जस्ता कार्यक्रम सञ्चालन गरिनेछ साथै तहगत तथा विषयगत शिक्षकहरुलाई मागमा आधारित तालिम, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अविभावक संघ तथा वालक्लबको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

७१. शैक्षिक सुशासन प्रवर्द्धनका लागि प्रतिस्पर्धाका आधारमा प्रधानाध्यापक छनौटको कार्यलाई प्रारम्भ गरिनेछ ।

७२. प्रारम्भिक बाल विकास केन्द्रको अनुभव सहित कक्षा १ मा भर्ना हुने अवस्थाको सुनिश्चतता गर्न तोकिए अनुसारको बालबालिका संख्या नभएका केन्द्रलाई उपयुक्त स्थानमा स्थानान्तरण गरिनेछ ।

७३. शैक्षिक संस्थाको संस्थागत क्षमता अभिवृद्धि तथा सबलीकरणका लागि शैक्षिक सुधार कोषको व्यवस्था मिलाइनेछ । यस कार्यक्रमको सुरुवात कुम्मायक गाउँपालिका वडा नं. २ को श्री सिद्द सरस्वती माध्यमिक विद्यालयबाट गरिनेछ । साथै विगतमा अङग्रेजी माध्यम लागु गर्न विद्यालयलाई निकासा गरिएको शैक्षिक गुणस्तर सुधार कोषलाई थप गरी व्यवस्थित गरिनेछ ।

७४. विद्यालयमा खानेपानी तथा सरसफाइ कार्यक्रमलाई व्यवस्थित गर्नका लागि विद्यालयहरुबाट फिल्टर जडान तथा सञ्चालन गरिनेछ ।

७५. गाउँपालिका भित्रका तोकिए अनुसारको विद्यालय उमेर समुहका सबै बालबालिकाहरुलाई **"विद्यालयमा ल्याउने सिकाउने र टिकाउने"** कार्यलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।

७६. **"हाम्रो विद्यालय राम्रो विद्यालय"** भन्ने नारालाई अभियानको रुपमा सञ्चालन गरि आवश्यकताको आधारमा विद्यालयहरुलाई सुविधा सम्पन्न बनाउँदै लगिनेछ ।

७७. यस पालिका भित्र सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुलाई सेवामुलक बनाई मापदण्डका आधारमा नियमन गरि सञ्चालनमा ल्याइनेछ ।

७८. गाउँपालिकाको शैक्षिक उपलब्धि वृद्धिका लागि अतिरिक्त कक्षा सञ्चालनमा ल्याइनेछ साथै योग्यता भएका माथिल्लो तहमा अध्यापन गर्ने शिक्षकहरुलाई प्रोत्साहन गर्न आवश्यक रकम व्यवस्था गरिनेछ ।

७९. शिक्षामा गुणस्तर कायम गर्न नवीनतम विधिको उपयोगलाई अनुशरण**,** अनुसन्धान**,** बाह्य शैक्षिक संस्थाको गतिविधि तथा अनुभव आदान-प्रदानका लागि नमुना विद्यालयमा अवलोकन भ्रमण गराइनेछ । साथै अभिभावक, शिक्षक , विद्यार्थी लगायत सरोकारवाला संग छलफल तथा अन्तरकृयात्मक कार्यक्रम समेत सञ्चालनमा ल्याइनेछ ।

८०. विद्यालयको पूर्वाधार निमार्णलाई प्राथमिकताका आधारमा अन्तर-सरकार साझेदारीमा निर्माण गर्दै लगिनेछ ।

८१. विद्यार्थीहरुको नेतृत्व क्षमताको विकास तथा बहुप्रतिभाको खोजी चिनारी र सशक्त बनाउन हरेक हप्ताको शुक्रबार एक दिन **नो वुक नो ड्रेस** अवधारणा अनुसार कक्षा सञ्चालन गरिने छ । यस दिन अतिरिक्त क्रियाकलाप, कृषि**,** पशुपालन तथा उद्यम व्यवसाय र आयआर्जनसम्बन्धी व्यावहारिक ज्ञान साथै सामाजिक कार्य, स्थानीय संस्कृति, सिपमुलक तथा जीवनोपयोगी ज्ञानमा जोड दिई आत्मनिर्भर विद्यार्थी तयार गर्न विद्यालयहरुलाई आवश्यक रकम व्यवस्थापन गरिनेछ ।

८२. पुर्ण-साक्षर गाउँपालिका निर्माण गर्न विद्यालय तथा समुदाय केन्द्रित साक्षरता कार्यक्रम तथा खंडीकृत तथ्याङ्क सङकलन तथा कार्यक्रम सञ्चालनका लागि सामुदायिक सिकाई केन्द्रहरुलाई जिम्मेवार बनाइनेछ।

८३. पृथ्वी माध्यमिक विद्यालयमा अध्ययनरत प्राविधिक धारका बालबालिकाहरुलाई प्रदान गरिने अनुदान रकम विद्यार्थी स्वयंमको खातामा अनुदान निकासा गर्ने प्रवन्ध मिलाइ प्रयोगात्मक कक्षालाई व्यवस्थित बनाइनेछ।

८४. यस गाउँपलिकाभित्र सञ्चालनमा रहेका माध्यमिक विद्यालयहरुबाट लागु औषध तथा विपद्पुर्व तयारी जस्ता कार्यका लागि **"हामी स्वयंमसेवी"** अभियान सञ्चालनमा ल्याइनेछ।

८५. एक पालिका, एक नमुना विद्यालय निर्माणको अवधारण अनुसार विद्यार्थी सङख्या कम भएका नजिकका आधारभुत विद्यालयहरुलाई नक्साङ्कन गरी नमुना माध्यमिक विद्यालयको रुपमा कुम्मायक १ मा सञ्चालित पृथ्वी मा.वि.लाई सुविधा सम्पन्न विद्यालयको रुपमा अगाडि बढाउन अन्तर-सरकार समन्वयका आधारमा सञ्चालन गर्न पहल गरिनेछ।

८६. गाउँपालिका भित्रका सबै सार्वजनिक पदधारण गरेका सबै व्यक्तिहरुले आ-आफ्ना बालबालिकाहरुलाई सरकारी सामुदायिक विद्यिलयमा अध्ययन गराउन पहल गरिनेछ। यसका लागि आवसीय विद्यालय सञ्चालनमा ल्याइनेछ।

गाउँसभाका सदस्य ज्यूहरू,

८७. गाउँपालिकाले पालिकाभित्र रहेका खेल कौशल र प्रतिभा पहिचान गरी खेल सप्ताहको रुपमा वडा स्तरीय फुटबल, भलिवल तथा व्याडमिन्टन जस्ता खेलकुद कार्यक्रमहरु आयोजना गरिनेछ।

८८. **"स्वास्थ्यका लागि खेलकुद राष्ट्रको लागि खेलकुद"** भन्ने नारालाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न पालिका भित्र खेलकुद प्रशिक्षण तालिमको व्यवस्था मिलाइनेछ।

८९. यस पालिकाबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय खेल क्षेत्रमा योगदान पुर्याएका खेलाडीहरुलाई सम्मान गरी खेल क्षेत्रका युवाहरुलाई प्रोत्साहन र उत्प्रेरित गराइनेछ।

९०. विद्यालयस्तरबाटै खेलकुद कार्यक्रमलाई व्यवस्थित गर्न राष्ट्रपति खेलकुद कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

९१. गाँउपालिका स्तरीय इनडोर खेल प्रवर्द्धनका लागि कभर्डहल निर्माण गर्न अन्तर-सरकार साझेदारीमा आवश्यक बजेट विनियोजन गरिनेछ।

गाउँसभा सदस्य ज्यूहरू,

९२. स्वास्थ्य सेवालाई सर्वसुलभ, पहुँचयोग्य तथा विश्वसनीय बनाउन स्वास्थ्य संस्थाहरुको आवश्यक सुदृढीकरण गरि स्वास्थ्यमा सबैको पँहुच पुर्याउन एम्बुलेन्सको व्यवस्थापन गरिनेछ।

९३. निर्माणाधीन अवस्थामा रहेको १५ सैयाको अस्पताललाई आ.व. २०८०/०८१ मा सम्पन्न गरि छिट्टै सञ्चालनमा ल्याउन आवश्यक प्रबन्ध मिलाइनेछ।

९४. सवै वडाका वर्थिङ सेन्टरको सेवालाई सुरक्षित भरपर्दो र विश्वासनीय बनाई सुत्केरी गराउने व्यवस्था मिलाइनेछ।

९५. स्वास्थ्य चौकी स्याबरुम्बाको निर्माणाधिन भवनलाई आ.व. २०८०/०८१ मा सम्पन्न गरि वर्थिङ सेन्टर सेवालाई सञ्चालनमा ल्याइनेछ।

९६. बहुक्षेत्रिय पोषण कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

९७. टोल तथा घरधुरीहरुको आवश्यकतालाई मध्यनजर गरि खोप केन्द्रहरुलाई व्यवस्थित गरी सञ्चालनमा ल्याइनेछ।

९८. नागरिक आरोग्य केन्द्रको सेवालाई थप प्रभावकारी र व्यवस्थित गरि सञ्चालन गरिनेछ।

९९. पोष्ट एक्सपोजर रेविज भ्याक्सिन व्यवस्थापनका लागि स्वास्थ्य चौकी यासोकमा रहेको भ्याक्सिन सव-सेन्टरलाई स्तरोन्नति गरिनेछ साथै स्वास्थ्य चौकी माङजाबुङमा ल्याब व्यवस्थापन गरि सेवा सञ्चालनको प्रवन्ध मिलाइनेछ।

१००. सङ्क्रामक र नसर्ने रोगहरुको विरुद्ध विशेष सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ साथै महिला स्वास्थ्य स्वयमसेविकाहरुको सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ।

१०१. परम्परागत औषधीजन्य वनस्पतिको खेती संरक्षण, प्रवर्द्धन तथा प्रशोधनको कार्य थालनी गरिनेछ।

१०२. यस गाउँपालिकाका क्यान्सर, मेरुदण्ड, पक्षघात र मिर्गौला बिरामीलाई मासिक रु पाँच हजार जिविकोपार्जन भत्ताको व्यवस्था मिलाइनेछ ।

गाउँसभाका सदस्य ज्यूहरू,

१०३. कुम्मायक गाँउपालिकाभित्र सञ्चालनमा रहेका खानेपानी आयोजनाहरु एकद्धार प्रणाली अवलम्बन गरी स्वच्छ र सुरक्षित खानेपानी व्यवस्थापन गरिनेछ ।

१०४. यस पालिकाभित्रका खानेपानीका स्रोतहरु पहिचान गरी संरक्षण तथा मर्मतका लागि आवश्यक बजेट विनियोजन गरिनेछ । यस आ.व. २०८०/०८१ मा देवीथान भञ्ज्याङ खानेपानी योजनालाई सम्पन्न गरि सञ्चालनमा ल्याइनेछ यस कार्यका लागि संघीय सरकार अन्तर्गत प्राप्त भएको विशेष अनुदानको रकमबाट योजना अगाडि बढाइनेछ ।

१०५. कुम्मायक गाउँपालिका सुख्खा क्षेत्र पालिका भएकाले  यस क्षेत्रबाट हुने अत्याधिक बसाइँसराइलाई कम गर्न बैकल्पिक उपायहरु अवलम्बन गरी जीवनशैलीलाई सहज बनाई बसाइँसराइ दरलाई घटाइनेछ यसका लागि प्राकृतिक आहाललाई संरक्षण गर्दै आकाशे पानी सङ्कलन, प्लाष्टिक पोखरी तथा पानी भण्डारण ट्याङकीहरुको व्यवस्था मिलाइनेछ ।

१०६. तमोर लिफ्ट खानेपानी आयोजनालाई व्यवस्थित गर्दे लगिनेछ । यसका लागि आ.व.२०८०/८१ मा समेत बजेट व्यवस्थापन गरिनेछ । तमोर लिफ्ट खानेपानी आयोजनालाइ वैज्ञानिक तथा व्यवस्थित रुपमा खानेपानी संञ्चालन गर्न आवश्यकता अनुसार टोल तथा बस्ती स्थरमा रिजर्भ ट्याङ्कि निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

१०७. लिफ्टिङ प्रविधिबाट सिंचाईको सभ्याव्यता अध्ययन गरिनेछ । यसका लागि कुम्मायक गाँउपालिकाका विभिन्न वडामा सम्व्यावता अध्ययन थालनि गरिनेछ ।

१०८. स्थानीय गैर सरकारी संस्थाहरु तथा यस क्षेत्रमा कार्यरत संस्थाहरु संगको समन्वय तथा सहकार्यमा खानेपानी तथा सरसफाइ सम्बन्धि कार्यक्रम प्रभावकारी ढङ्गबाट कार्यान्वयनमा ल्याइनेछ ।

१०९. फोहोरमैलालाई व्यवस्थित रुपमा सङ्कलन तथा वर्गीकरण गरी सरसफाइ केन्द्रको रुपमा रुपान्तरण गरिनेछ । साथै यस प्रकारको कार्य वडास्तरमा समेत सञ्चालन गरि व्यवस्थित गरिनेछ ।

गाउँसभा सदस्य ज्यूहरू,

११०. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

१११. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गहरुको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ ।

११२. बाल-विवाह, बहुविवाहहरुलाई न्युनिकरण गर्नको लागि वडा स्तरमा सचेतना मुलक कार्यक्रमहरु संचालन गरिनेछ ।

गाउँसभा सदस्य ज्यूहरू,

११३. कुम्मायक गाउँपलिकामा श्रम संस्कृतिको विकास गरिनेछ यसका लागि हरेक महिनाको अन्तिम शनिबारलाई कुम्मायक श्रम बारको रुपमा कार्यान्वयन गरिनेछ ।

११४. कुम्मायक गाउँपालिका भित्रका सम्पूर्ण  सडकहरुको म्यापिङ तथा वर्गीकरण गरी राईट अफ वे तोकिनेछ । साथै वर्गीकरण गरिएका सडकहरुलाई प्राथमिकताका आधारमा नेपाल रोड स्ट्यान्डर्ड एन. आर. एस. मापदण्डमा स्तरोन्नति गरी वातावरण अनुकूलन सडक स्तरोन्नतिलाई विशेष जोड दिइनेछ ।

११५. आवश्यकता र औचित्यका आधार तथा दीर्घकालीन महत्व भएका भौतिक पुर्वाधारका संरचनाहरु निर्माण तथा स्तरोन्नति गरिनेछ । यसका लागि आ.व. २०८०/०८१ देखि भौतिक पुर्वाधार तर्फ कम्तिमा ५ लाख भन्दा कम लागत भएका योजनाहरु सञ्चालन गरिने छैन ।

११६. नयाँ ट्रयाक ओपनलाई निरुत्साहित गर्ने नीति अवलम्बन गरिनेछ । यसका लागि आवश्यक कार्यविधि तर्जुमा गरि कार्यान्वयनमा ल्याइनेछ ।

११७. टोल-बस्ती तथा पालिकास्तरका सबै योजनाहरुलाई सम्बोधन गर्न गाउँपालिकास्तरीय आयोजना बैङ्कमा समावेश गरी कार्यान्वयन गरिनेछ । यसका लागि आयोजना बैङ्कमा समावेश भएका योजनाहरुलाई प्राथमिकताका आधारमा क्रमशः कार्यान्वयनमा लगिनेछ ।

११८. वडा तथा गाउँपालिकास्तरको सबै योजना कार्यान्वयनमा स्तरियता ल्याउन **"गुणस्तरीय काम कुम्मायकको शान"** भन्ने नाराका साथ पालिकास्तरीय अनुगमन समिति र वडास्तरीय समितिको अनुगमनलाई थप प्रभावकारी रुपमा लागु गरिनेछ।

११९. एक पालिका एक रङ्गशालाको अवधारणा अनुसार अगाडि बढाई डीपिआर भएको यासोक खेल-मैदानलाई अन्तर सरकार साझेदारीमा निर्माण गर्न पहल गरिनेछ।

१२०. कुम्मायक गाउँपालिकाको गाउँ गौरवको योजनाको रुपमा वडा नं. २ को वडा कार्यालय जोड्ने फिक्कल फाक्चुवा चौथीबजार मोटरबाटो र वडा नं. ३ को वडा कार्यालय जोड्ने वगालेच्यान ३ नं. वडा कार्यालय मोटरबाटोलाई पालिकाको नमुना सडकको रुपमा निर्माण गर्न पुर्ण वातावरण अनुकूलन क्रियाकलाप र वायो इन्जिनियरिङको उपयोग गरिनेछ। यसका लागि आ.व २०८०/०८१ बाट कार्य प्रारम्भ गरि तीन वर्ष भित्र निर्माण कार्य सम्पन्न गरिनेछ।

१२१. पुर्वाधार निर्माणका क्षेत्रमा गुणस्तर कायम गर्न ईन्जिनियरिङ ल्याबको स्थापना गर्न आवश्यक प्रवन्ध मिलाउँदै लगिनेछ।

१२२. पालिका भित्र निर्माण हुने सम्पूर्ण भवनहरुको घर नक्सा पास अनिवार्य रुपमा लागु गर्नका लागि आवश्यक कार्यविधिहरु तयार गरिनेछ।

१२३. हेल्थ एण्ड सेफ्टी इन इन्जिनियरिङका लागि आवश्यक प्रवन्ध गरिनेछ र प्रत्येक निर्माणस्थलमा हेल्थ एण्ड सेफ्टी इन इन्जिनियरिङलाई अनिवार्य प्रयोगमा ल्याइनेछ।

१२४. कुम्मायक गाउँपालिकाको बसपार्क स्थापनाको लागि जग्गा-* प्राप्तिको सम्भाव्यता अध्ययन गरि बसपार्क निर्माणको कार्यलाई आ.व. २०८०/०८१ देखि सुरुवात गरिनेछ।

१२५. टोलस्तरमा रहेका निर्मित संरचनाहरुलाई सम्बन्धित टोल विकास संस्था समक्ष हस्तान्तरण गर्दै लगिनेछ साथै त्यस्ता संरचनाहरुको मर्मत तथा स्तरोन्नतिका लागि हाई कन्ट्रिव्यूसन फष्ट प्रायोरिटिका आधारमा सबैभन्दा बढी साझेदारी गर्ने संस्था तथा टोल विकास समितिलाई पहिलो प्राथमिकता दिइनेछ।

१२६. कुम्मायक गाउँपालिकाभित्र रहेका सार्वजनिक सम्पतिहरुको संरक्षण तथा उपयोग र व्यवस्थापनलाई वैज्ञानिक ढङ्गले व्यवस्थापन गरिनेछ। पालिका अन्तर्गतका प्रयोग नभएका पुराना भौतिक संरचना तथा अन्य जिन्सी सामाग्रीहरुको लिलाम बिक्रि लगायतका कार्य सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम गर्ने साथै यसका लागि पालिकाको खरिद सम्बन्धी कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा लगिनेछ।

गाउँसभा सदस्य ज्यूहरू,

१२७. वन, वातावरण तथा विपद व्यवस्थापन इकाईलाई पुर्वाधार विकास शाखा अन्तर्गत राखी विपद् जोखिम क्षेत्रहरुको म्यापिङ गर्ने र विपद् व्यवस्थापनका लागि दीर्घकालीन योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

१२८. गाउँपालिकाको राजस्व वृद्धि गर्न कुम्मायक गाउँपलिका क्षेत्र हुदै बग्ने तमोर नदी छोरोङ्वा खोला साँवा खोला र निवु खोलाबाट वातारण प्रतिकूल नहुने गरी नदीजन्य पदार्थहरुको संकलन तथा बिक्री वितरण गर्न प्रचलित कानुन बमोजिम वातावरणीय अध्ययन गरिनेछ ।

१२९. सामुदायिक वनजङ्गलको संरक्षण तथा व्यवस्थापन गरी विपद् व्यवस्थापन प्रतिकार्यका निम्ति वडा कार्यालयहरुमा विपद् प्रतिकार्य उपकरणहरुको बन्दोबस्त गरिनेछ।

१३०. सामुदायिक वनहरुका आवश्यक ठाँउमा अग्नि-रेखा निर्माण गरि सुख्खायाममा अनिवार्य त्यस्ता रेखाहरुको पुनर्ताजगी गरिने व्यवस्था मिलाइने छ।

१३१. तमोर किनार कुम्मायक ३ मा रहेको खरी खानी, तामा खानी, फलाम खानी र कुम्मायक २ मा रहेको ढुङ्गा खानीलाई खोज अन्वेशण गरी उत्खनन् र उपयोगमा ल्याइने छ।

१३२. वातावरणलाई स्वाच्छ, सफा र हराभरा बनाउन खालि जमिनमा वृक्षारोपण तथा बगैंचा निर्माणको कार्यलाई अन्य सरकारी कार्यालयको समन्वय र सहकार्यमा अगाडि बढाइनेछ।

१३३. गाँउपालिकाको कार्यलाई पारदर्शी बनाउन तथा सूचनाको हकको सम्मान गर्न गाँउपालिकाको गतिविधिहरु नियमित रुपमा वेवसाइट तथा सामाजिक सञ्जालहरुमा प्रस्तुत गरिने छ।

१३४. कुम्मायक गाँउपालिकाको केन्द्र यासोक बजारमा सोलार प्रणालीमा आबद्ध सडक बत्तीहरुको व्यवस्थापनलाई निरन्तरता दिइनेछ। साथै वायोग्यासलाई उपयोगमा ल्याउन सम्भाव्यता अध्ययन गरि अगाडि बढाइनेछ।

१३५. यासोक बजार तथा अन्य वडास्तरका बजारहरुलाई सुन्दर, शान्त र व्यवस्थित बनाउदै लगिनेछ।

१३६. गाउँपलिकाको केन्द्र यासोक बजारदेखि तमोर कोरिडोरको सहज पहुँच विस्तार गर्न यासोक साँवासेरा मोटरबाटोलाई स्तरोन्नतिको कार्य अन्तर-सरकार साझेदारीमा अगाडि बढाइनेछ ।

१३७. यस पालिकाभित्रका कृषकहरुलाई विभिन्न वन्यजन्तुका कारण समस्या उत्पन्न भई उत्पादन तथा उत्पादित उपजको संरक्षणमा जोड दिन वन्यजन्तु आरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

१३८. अति विपन्न नागरिकहरुको स्वास्थ्य सेवामा सहज पहुँच विस्तार गर्न स्वास्थ्य विमा कार्यक्रमलाई अगाडि बढाइनेछ ।

१३९. जलाधार संरक्षण कार्यक्रम संचालन गरि गाउँपालिकाभित्र रहेका कुलो तथा भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै यस्ता श्रोतहरुबाट खानेपानी तथा सिंचाइको प्रबन्ध मिलाइनेछ।

१४०. कुम्मायक गाउँपालिकाको भाग्य र भविष्य जोडिएको राष्ट्रिय गौरवको आयोजनाको रुपमा ७५६ मेगावाटको तमोर जलासययुक्त जलविद्युत आयोजनालाई शिघ्र अगाडि बढाउन पहल गरिनेछ ।

धन्यवाद ।